**Voice : A Biannual & Bilingual Journal**
*2023 December, Vol : 15, No. 2, pp.125-133*
DOI : https://doi.org/10.3126/voice.v15i2.61456

# संस्कृत काव्यशास्त्रको रससिद्धान्तमा रसनिष्पत्ति सम्बन्धी मतमतान्तर र निष्कर्ष

हरि प्रसाद तिमिल्सिना[1]

Article History: Received: September 10, 2023 Reviewed : November 15, 2023 Accepted: December 18, 2023

**सारसङ्क्षेप**

संस्कृत साहित्य समालोचनामा रससिद्धान्त महत्त्वपूर्ण सिद्धान्तका रूपमा स्थापित रहेको छ । संस्कृत समालो चनाको सुदीर्घ परम्परामा द्रुहिण, नन्दिकेश्वर हुँदै भरतमुनिले रससूत्रको निर्माण सहित चर्चा गरी सिद्धान्तका रूपमा स्थापित रससिद्धान्त उत्तरवर्ती आचार्यहरूद्वारा व्यापक चर्चा परिचर्चा, व्याख्या, विश्लेषण भई विकसित हुन पुगे को साहित्यिक मान्यता हो । रसभाव सम्बन्धी चर्चाका क्रममा आचार्य भरतमुनिले आफ्नो लक्षणग्रन्थ नाट्शास्त्रमा 'विभावानुभावव्यभिचारीसंयोगाद्रसनिष्पत्ति' अर्थात् विभाव, अनुभाव र व्यभिचारी भावको संयोगले रसको निष्पत्ति हुन्छ भन्ने उल्लेख गरेका छन् । भरतमुनिले यस सूत्रमा आएका 'संयोग' र 'निष्पत्ति' शब्दले दिने अर्थको स्पष्ट व्याख्या गरेको पाइँदैन । भरतमुनिको नाट्यशास्त्रमा मूल पात्र, नटनटी वा पाठक, भावक, स्रोता कसमा रसास्वादन हुन्छ भन्ने स्पष्ट उल्लेख नभएकाले परवर्ती आचार्यहरूले 'संयोग' र 'निष्पत्ति' शब्दको अर्थ आआफ्नै ढङ्गले लगाएको र आआफ्नै ढङ्गले व्याख्या विश्लेषण गरेको पाइन्छ । यस क्रममा रसनिष्पत्ति सम्बन्धी मान्यताको व्याख्या, विश्लेषण र मत मतान्तरमा कास्मिरी आचार्य भट्टलोल्लटको उत्पत्तिवाद, श्रीशङ्कुकको अनुमितिवाद, भट्टनायकको भुक्तिवाद तथा अभिनव गुप्तको अभिव्यक्तिवाद प्रमुख छन् । यी आचार्यहरू भन्दा पछाडि पनि आनन्दवर्धन, मम्मट, विश्वनाथ, जगन्नाथ र धनञ्जय समेतले भट्टलोल्लट, श्रीशङ्कुक, भट्टनायक तथा अभिनव गुप्तका अभिमतको उल्लेख गरेको पाइन्छ । यिनै प्रमाणहरूका आधारमा रसनिष्पत्ति सम्बन्धी सिद्धान्त वा मान्यताको व्याख्या विश्लेषण हुँदै आएको छ । यस अध्ययनमा रसास्वादन मूलपात्र (अनुकार्य), नटनटी (अनुकर्ता) र दर्शक, पाठक, स्रोता कसमा हुन्छ भन्ने सन्दर्भमा आआफ्नो मत प्रस्तुत गर्दै जाँदा अनुकार्यदेखि पाठक, भावक, स्रोतासम्म रसास्वादन हुने धारणाबाट उत्पत्तिवाद, अनुमितिवाद, भुक्तिवाद र अभिव्यक्तिवादको स्थापना हुन पुगेको र अभिव्यक्तिवाद नै वैज्ञानिक तथा पाठक, भावक र दर्शकको रसाभिव्यक्तिसँग सम्बन्धित रहेको निष्कर्ष निकालिएको छ ।)

**शब्दकुञ्जी :** उत्तपत्तिवाद, भुक्तिवाद, अनुमितिवाद, अभिव्यक्तिवाद, निष्पत्ति, संयोग आदि ।

[1]उपप्राध्यापक, त्रिभुवन विश्वविद्यालय, महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्ज, बाँके
इमेल : timilsina119@gmail.com

ISSN : 2091-2161
©The Author(s)

Published by Autar Dei Chaudharain Research Centre (ADCRC), Mahendra Multiple Campus, Nepalgunj, Banke

The open access article is distributed under a Creative Common Attribution (CC BY-NC 4.0) licence.

## विषयपरिचय

संस्कृत समालोचना प्रणालीमा रससिद्धान्त महत्त्वपूर्ण रहेको छ। संस्कृतमा सुदीर्घ परम्परामा छलफल, व्याख्या, विश्लेषण भई शास्त्रीय मान्यता प्राप्त गरेको रससिद्धान्त पाश्चात्य काव्यसिद्धान्तमा पनि सम्मानित रूपमा चर्चा गरिएको पाइन्छ । नेपाली साहित्य संस्कृत साहित्य समालोचनाबाट अनुप्राणित भएकाले नेपाली समालोचनामा रससिद्धान्तको विशेष स्थान रहेको छ । आचार्य भरतमुनिले आफूभन्दा अगाडिका रससम्बन्धी सङ्केतहरूलाई समेत आत्मसात गरी 'विभावानुभावव्यभिचारीसंयोगाद्रसनिष्पत्ति' सूत्र बनाई रसलाई सिद्धान्तका रूपमा व्याख्या गरेका र उनी पछिका आचार्यहरूले रससिद्धान्तको व्याख्याविश्लेषण गर्दै विस्तार र व्यापक बनाई स्थापित साहित्यिक मान्यताका रूपमा रससिद्धान्तलाई उल्लेख गरिएको छ । संस्कृत भाषाको पाणिनी अष्टाध्यायीमा रसधातु, आस्वादन वा स्नेहको अर्थमा उल्लेख गरिएको छ (पाणिनी, सन् १९५० : धातु सङ्ख्या ७१३/१९३१) । यसैगरी हेमचन्द्र कोशमा पनि 'रसः स्वादे जले वीर्ये शृङ्गारादौ विषेद्रवे' भन्ने उल्लेख गरी स्वाद, पानी, वीर्य, शृङ्गारादि साहित्यिक रस, विष, कृडा, गन्ध, राग, धातु, तितोपिरो जस्ता षडरस, पारो, प्रेमभाव, आत्मसुख, स्वास एवं पेय पदार्थलाई रस भनिएको छ । ऋग्वेदमा ऋषिहरूद्वारा साक्षात्कृत शब्दराशि वेद र तिनको अर्थबाट प्राप्त गरिने आनन्द नै रस हो भन्ने उल्लेख गरिएको छ (ऋग्वेद, ई. १९४१ : ९/६३/३१) । यसरी रससम्बन्धी चर्चा हुँदै आएको र काव्यगत रसका सम्बन्धमा नन्दिकेश्वरले ऋग्वेदबाट संवाद, सामवेदबाट गीतिमयता, यजुर्वेदबाट अभिनेयता एवं अथर्ववेदबाट रसका तत्त्वहरूको समाहरण गरी नाट्यतत्त्वको सिर्जना ब्रह्माजीले गरेको उल्लेख गरेका छन् । आचार्य भरतले पनि देवताहरूको अनुरोधमा प्राणी जगत्को मनोरञ्जन गर्नका लागि ब्रह्माबाटै सिर्जना भएको उल्लेख गरेका छन् । काव्यरसका सन्दर्भमा भामहले रस लोकस्वभाव अनुसार फरक फरक प्रयोग हुन्छ, जहाँ शृङ्गारादि रसहरूको स्पष्ट वर्णन हुन्छ त्यहाँ रसवत् अलङ्कार हुन्छ भन्दै रसलाई साहित्यसँग जोड्ने काम गरेका छन् । यसैगरी आचार्य दण्डीले पनि श्रवण गरिएको शब्दबाट चमत्कारको अनुभूति हुने अनुप्रसादयुक्त पदावलीलाई रस भनेका छन् । काव्यगत रसका सन्दर्भमा आचार्य वामनले शृङ्गार आदि रस उद्दीप्त गर्न सक्ने र काव्यलाई सौन्दर्यपूर्ण बनाउन सक्ने, साहित्य रसमय भई सुन्दर मानिन्छन् भन्ने उल्लेख गरेका छन् । आचार्य रुद्रभट्टले पनि चद्रमा विनाको रात, पति विनाकी पत्नी, त्याग विनाकी लक्ष्मीले शोभा नदिने  जस्तै रस विहीन काव्य शोभा विहीन हुन्छ भन्दै काव्यगत रसको उल्लेख गरेका छन् । आनन्दवर्धनले काव्यको आत्म व्यङ्ग्यार्थ अर्थात् रस हो भनेका छन् । अभिनव गुप्तले रस नै काव्यको आत्म हो भन्ने उल्लेख गरेका छन् (अभिनव गुप्त, ई.१९७३ : पृ.८५) । आचार्य मोहिम भट्टले त रस उत्पादन गर्न नसक्ने रचनालाई काव्य भन्नु हुँदै न भन्दै रसको काव्यगत महत्त्वलाई उल्लेख गरेका छन् । आचार्य विश्वनाथले रसात्मक वाक्य नै काव्य हो । विभाव, अनुभाव र व्यभिचारीभावद्वारा हृदयमा वासनात्मक भाव उत्पन्न भई स्थायी भाव पूर्ण परिपाक अवस्थामा पुग्नुलाई रस भनेका छन् । यसैगरी जगन्नाथले पनि रसध्वनिको उल्लेख गरी यसलाई काव्यको आत्म मानेका छन् । सोमनाथ सिग्द्यालले विभाव, अनुभाव, व्यभिचारीभाव र स्थायीभावको सामूहिक उपस्थितिबाट विलक्षण, अपूर्व आनन्दमय हुनु रस हो भनेका छन् (उपाध्याय, २०६१ : पृ.२४) । उपर्युक्त पूर्वकार्यहरूका आधारमा काव्यगत रसको अवस्था र रससूत्रमा आएका संयोग र निष्पत्तिको अर्थका सन्दर्भमा देखिएका मतान्तरहरूको अध्ययन गरी काव्यकृतिमा वर्णित विषयवस्तुबाट पाठक, भावक वा स्रोताको मनमष्तिष्कमा पर्न जाने प्रभावबाट विभावबाट उत्पन्न रस अनुभाव, व्यभिचारीभावको संयोगबाट स्थायीभाव रसावस्थामा पुगी अभिव्यक्त हुने अवस्था नै काव्यको रसगत अवस्था हो भन्ने निष्कर्ष निकाल्ने प्रयास यहाँ गरिएको छ ।

## अध्ययनविधि

यस अध्ययनमा निम्नानुसार अध्ययन विधि अवलम्बन गरिएको छ:

अनुसन्धानको ढाँचा : यो अध्ययन गुणात्मक प्रकृतिको अध्ययन हो । यसमा कृतिबाट प्राप्त तथ्यको विश्लेषण गरी निष्कर्ष निकाल्ने कार्य गरिएको छ ।

जनसङ्ख्या र नमुना छनोट : यस अध्ययनमा संस्कृत काव्यशास्त्रको मौलिक मान्यता रससिद्धान्तमा देखिएका संयोग र निष्पत्ति शब्दका अर्थको मतान्तरको अध्ययन गरी काव्यगत रसको रसावस्थालाई उल्लेख गर्न रससम्बन्धी सैद्धान्तिक ग्रन्थहरू र व्याख्याविश्लेषण भएका सामग्रीहरूलाई नमुना छनोट गरिएको छ ।

तथ्याङ्क सङ्कलन : यस अध्ययनमा रससूत्रमा आएका संयोग र निष्पत्ति शब्दसम्बन्धी मतमतान्तर र यस विषयसँग सम्बन्धित विभिन्न कृति एवं लेखहरूलाई आधार बनाई तथ्य सङ्कलन गरिएको छ ।

तथ्याङ्क सङ्कलनका साधन : प्रस्तुत अध्ययनमा दस्तावेजको अध्ययनविश्लेषण गर्न विभिन्न प्रकाशित पुस्तक, पत्रपत्रिका र लेखहरूलाई प्रथमिक र द्वितीय स्रोतका लिइएको छ । प्राप्त तथ्यहरूको विश्लेषण गरी निष्कर्ष निकाल्ने प्रयास गरिएको छ ।

तथ्याङ्क विश्लेषण प्रक्रिया : अध्ययनबाट प्राप्त तथ्याहरूको वर्णन, तुलना र विश्लेषण गरी निष्कर्षमा पुग्ने काम गरिएको छ । समीक्षात्मक विश्लेषणद्वारा निष्कर्ष निकाल्ने प्रयास गरिएको छ । निगमनात्मक विधिबाट विश्लेषण गरी अध्ययनको निष्कर्ष निकालिएको छ ।

## सैद्धान्तिक पर्याधार

संस्कृत काव्यसिद्धान्त अन्तर्गत व्यापक र सुदीर्घ परम्परामा व्याख्याविश्लेषण भई स्थापित भएको रससिद्धान्तको स्थापनाका सन्दर्भमा ऋग्वेदमा ऋषिहरूद्वारा साक्षात्कृत शब्दराशि वेद र तिनको अर्थबाट प्राप्त गरिने आनन्दलाई रसका रूपमा उल्लेख गरिएको छ । यसरी रससम्बन्धी चर्चा हुँदै आएको र काव्यगत रसका सम्बन्धमा नन्दिकेश्वरले ऋग्वेदबाट संवाद, सामवेदबाट गीतिमयता, यजुर्वेदबाट अभिनेयता एवं अथर्ववेदबाट रसका तत्त्वहरूको समाहरण गरी नाट्यतत्त्वको सिर्जना ब्रह्माजीले गरेको उल्लेख गरिएबाट रससम्बन्धी चर्चा धेरै पहिलेदेखि भएको भन्न सकिन्छ। आचार्य भरतले पनि देवताहरूको अनुरोधमा प्राणी जगत्को मनोरञ्जन गर्नका लागि ब्रह्माबाटै सिर्जना भएको उल्लेख गरी रसको प्राचीनतालाई प्रस्ट्याएका छन् । आचार्य भरतमुनिले आफू अघिका द्रुहिण र नन्दिकेश्वर आदि ऋषिहरूका मतलाई आत्मसात गरी 'विभावानुभावव्यभिचारीसंयोगाद्रसनिष्पत्ति' रससूत्रद्वारा रसलाई व्यवस्थित र सैद्धान्तिक स्वरूप प्रदान गरेका छन् । उनीपछिका भामह, दण्डी, वामन, आनन्दवर्धन, विश्वनाथ, जगन्नाथ समेतको परवर्ती आचार्यहरूको लामो शृङ्खलामा रससम्बन्धी व्याख्या, विवेचना, विश्लेषणद्वारा रसलाई विशिष्ट साहित्यिक मान्यताका रूपमा स्थापित गरिएको छ । यस सन्दर्भमा संयोग र निष्पत्तिका सन्दर्भमा कास्मिरी आचार्यहरू भट्टलोल्लट, श्रीशङ्कुक, भट्टनायक र अभिनवगुप्तले आआफ्ना मतहरू प्रकट गरी संयोग र निष्पत्तिलाई आआफ्नै किसिमले अर्थ्याएको पाइन्छ । यिनै मतान्तरहरूलाई अध्ययन गरी अभिनवगुप्तको अभिव्यक्तिवादी मान्यता पाठक, भावक र स्रोता केन्द्रित रहेको र रस साहित्यको महत्त्वपूर्ण मान्यताका रूपमा स्थापित भएको छ भन्ने विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## छलफल र निष्कर्ष

वेद, उपनिषद्, सिद्धान्तकौमुदि जस्ता ग्रन्थहरूमा उल्लेख भई रस परिभाषित हुँदै आएको र द्रुहिण, नन्दिकेश्वरसम्मका रससम्बन्धी सङ्केतहरूलाई आत्मसात गरी भरतमुनिले रससूत्रको निर्माण गरी रसलाई सैद्धान्तिक आधार प्रदान गरेको पाइन्छ । भरतमुनिले नाट्यकेन्द्री दृष्टिकोणबाट रसलाई उल्लेख गरी अगाडि बढाएकामा उनीपछिका आचार्यहरूले रसलाई समग्र साहित्यका सन्दर्भमा प्रस्तुत गर्ने प्रयास गरेको देखिन्छ । आनन्दवर्धन, अभिनवगुप्त र विश्वनाथजस्ता आचार्यहरू हुँदै जगन्नाथसम्म आइपुग्दा रससम्बन्धी विषद् व्याख्याविश्लेषण भई साहित्यको सिद्धान्तका रूपमा सर्वाधिक चर्चित सर्वमान्य साहित्यिक मान्यताका रूपमा रससिद्धान्त स्थापित भएको छ । रसको व्याख्याविश्लेषण्का क्रममा भरतमुनिले शृङ्गार, वीर, रौदै, बीभत्सरस र यी चारमध्ये शृङ्गारबाट हास्य, वीरबाट अद्भुत, रौद्रबाट करुण र बीभत्सबाट भयानक गरी चाररस थप उत्पत्ति भएको र यी रसहरूलाई ब्रह्माले नै बताएको उल्लेख गरेका छन् । भरतमुतिपछि दण्डीले पनि आठ रस उल्लेख गरेका छन् । उद्भटले शान्तरसको उल्लेख गरी नवरस हुने बताएका र यिनै नवरसहरूको व्याख्याविश्लेषण भई स्थापित हुन पुगेको पाइन्छ । आचार्य धनन्जयले रसका भेदसम्बन्धी समस्याको समाधान गर्दै नाटकमा आठ रस र काव्यमा नौ रस हुने उल्लेख गरेका छन् । हेमचन्द्र, गुणचन्द्र आदिले भक्तिरसको उल्लेख गरेका छन् भने विभिन्न आचार्यहरूले वात्सल्यरसको पनि उल्लेख गरेका छन् । रससम्बन्धी महत्त्वपूर्ण व्याख्याविश्लेषण गरी स्थापित गर्ने आचार्य विश्वनाथले आफ्नो ग्रन्थ साहित्यदर्पणमा वात्सल्यरसको उल्ले ख गरेका छन् । यसरी विभिन्न आचार्यहरूद्वारा व्याख्याविश्लेषण भई पछिल्लो समयसम्म आउँदा शृङ्गार, करुण, वीर, हास्य, रौद्र, भयानक, अद्भुत, बीभत्स र शान्त नवरस नै स्थापित रसका रूपमा आएका छन् । भरतमुनिको रससूत्रमा आएका संयोग र निष्पत्ति दुई शब्दको अर्थ भरतमुनिले स्पष्ट नगरेकाले परवर्ती आचार्यहरूले यी शब्दको अर्थका सन्दर्भमा आआफ्नो मत प्रकट गरेका छन् । यसैलाई रससम्बन्धी मतान्तरका रूपमा रससिद्धान्तमा अध्ययन गर्ने गरिएको छ । यहाँ प्रमुख चार वटा मतान्तरहरूको उल्लेख गरिएको छ ।

### आचार्य भट्टलोल्लट र उनको उत्पत्तिवाद

भट्टलोल्लट कास्मिरी आचार्य हुन् । भरतमुनिको रससूत्रको प्रथम व्याख्याताका रूपमा भट्टलोल्लट महत्त्वपूर्ण मानिन्छन् । नवौँ शताब्दीको पूर्वार्धको समयका भट्टलोल्लटले प्रस्तुत गरेको रसनिष्पत्ति सम्बन्धी दृष्टिकोणलाई उत्पत्तिवाद भनिन्छ । भट्टलोल्लटद्वारा रचित कुनै लक्षणग्रन्थ उपलब्ध नभएकाले अभिनव गुप्तको अभिनव भारती, ध्वन्यालोक लोचन र मम्मटको काव्यप्रकाश ग्रन्थमा उल्लेख भएका मतका आधारमा भट्टलोल्लटको उत्पत्तिवादको व्याख्या हुने गरेको छ । अभिनव गुप्तको अभिनव भारतीमा उल्लेख भए अनुसार “विभाव, अनुभाव र सञ्चारीभावद्वारा परिपुष्ट पारिएको स्थायीभाव नै रस हो । रस अनुकार्य रामादि तथा अनुकर्ता नट दुवैमा हुन्छ । रस मुख्य रूपमा अनुकार्य रामादिमा उत्पन्न हुन्छ भने त्यसको प्रतीति वा अनुसन्धानद्वारा अनुकर्ता नटमा पनि उत्पन्न हुन्छ (श्रेष्ठ, २०५४ : पृ. ८४) ।”

विभावद्वारा रसको उत्पत्ति हुने, अनुभावद्वारा आस्वाद्य हुने र सञ्चारी भावद्वारा परिपुष्ट भई परिपक्व अवस्थामा पुगे को स्थायीभाव रस हो र रसको आस्वादन मूल पात्र अनुकार्यले गर्दछ । नटनटीले आफ्नो अभिनय कलाद्वारा पाठक, भावक  वा स्रोतासम्म प्रतीति वा सन्धान गराउँदा मूलपात्र आफूलाई ठान्ने भट्टलोल्लकको मत रहेको छ । भट्टलो ल्लटले रसलाई उत्पाद्य वस्तु, विभावलाई उत्पादक तत्त्व, अनुभावलाई कार्य र व्यभिचारी भावलाई पोषक तत्त्वको

रूपमा उल्लेख गरेको पाइन्छ । भट्टलोल्लटको प्रस्तुत व्याख्या वस्तुपरक छैन । पाठक, भावक वा स्रोताले आस्वादन गर्ने रस मूलतः मूलपात्र (अनुकार्य) मा हुने उल्लेख गरेकाले यो व्याख्या यथार्थपरक भएको देखिँदैन । रस सहृदय (पाठक, भावक वा स्रोता)मा उत्पन्न नभई ऐतिहासिक पात्र मूलपात्र वा अनुकार्यमा हुन्छ । त्यसको प्रतीतिसम्म अनुकर्ता नटनटीमा हुन्छ भनेबाट सहृदयको उल्लेख नै उत्पत्तिवादमा भएको छैन ।

## उत्पत्तिवादका सीमा

भट्टलोल्लटले भरतमुनिको रससूत्रमा आएका संयोग र निष्पत्ति शब्दको अर्थ क्रमशः स्थायीभावको उत्पत्ति भन्ने उल्लेख गरेका छन् । भट्टलोल्लटको मतानुसार मूलपात्र अनुकार्यको भाव नटनटीमा उत्पन्न भएको देखी पाठक, भावक वा स्रोताले अनुकर्ता नटनटीलाई नै मूलपात्र अनुकार्य ठानी आनन्दको अनुभव गर्छन् भन्ने भट्टलोल्लटको मतको निष्कर्ष देखिन्छ । यस निष्कर्षका आधारमा उत्पत्तिवादका सीमा वा त्रुटिलाई यस प्रकार उल्लेख गरिन्छ :

**क)** भट्टलोल्लटको उत्पत्तिवादको सीमा वा आलोचनाका सन्दर्भमा यो वाद मौलिक नभई उनी पूर्वका भामह, दण्डी, उद्भट जस्ता आचार्यहरूले उल्लेख गरिसकेकोले पुरानो मान्यताको नवीन संस्करण मात्र देखिन्छ ।

**ख)** भट्टलोल्लटले सहृदय र रसका बिचको सम्बन्ध उल्लेख नगरेकाले यो त्रुटिपूर्ण छ । साहित्यको रसास्वादनका सन्दर्भमा सहृदयमाथि नै रसानुभूति निर्भर हुने भएपनि यस विषयमा भट्टलोल्लटले कुनै उल्लेख गरेको पाइँदैन ।

**ग)** भट्टलोल्लटले रसको उत्पत्ति मूलपात्र (अनुकार्य) रामादिमा हुने उल्लेख गरेका छन् । यो मत त्रुटिपूर्ण छ । वर्तमानमा अस्तित्व नभएका मूलपात्रमा हुने रसोत्पत्तिको वर्तमान समयमा औचित्य र उपयोगिता रहँदैन ।

**घ)** भट्टलोल्लटले रस अनुकार्य हुन्छ भनेका छन् । बाह्य वेषभूषा, चेष्टा, कार्यहरूको अनुकरण गर्न सकिए पनि रस वा भाव आत्मिक वा अनुभूतिको विषय भएकाले त्यसको अनुकरण सम्भव छैन । अतः यो मत पनि त्रुटिपूर्ण रहेको छ ।

## आचार्य श्रीशङ्कुक र उनको अनुमितिवाद

भरतमुनिको रससूत्रका दोस्रा उल्लेख्य व्याख्याता श्रीशङ्कुक मानिन्छन् । नवौँ शताब्दीको मध्यतिरका कास्मिरी आचार्य श्रीशङ्कुकको पनि आफ्नो लक्षणग्रन्थ प्राप्त छैन । अभिनव गुप्तको अभिनव भारती परवर्ती आचार्यहरू मम्मट तथा हेमचन्द्रका लक्षणग्रन्थहरूमा उल्लेख गरिएका उद्धरणका आधारमा श्रीशङ्कुकको रसनिष्पत्ति सम्बन्धी मतको व्याख्या गर्ने गरिएको पाइन्छ । श्रीशङ्कुकले आफ्नो रसनिष्पत्ति सम्बन्धी अवधारणा प्रस्तुत गर्ने क्रममा प्रथमतः भट्टलोल्लटको मतको खण्डन गरी आफ्नो मौलिक दृष्टिकोण प्रस्तुत गरेको पाइन्छ, जस अनुसार रस उत्पत्तिको विषय नभई अनुमान वा अनुमितिको विषय हो भन्ने उल्लेख गरेकाले उनको रसनिष्पत्ति सम्बन्धी मान्यतालाई अनुमितिवाद भनिन्छ ।

श्रीशङ्कुकको अनुमितिवादअनुसार वास्तविक रस नटमा हुँदैन, रामादि पात्रमा हुन्छ । परन्तु अनुमानद्वारा रसको अनुभव गर्न सकिन्छ । त्यो अनुमान परिस्थिति अनुसार संयुक, मिथ्या, संशय र सादृश्यका भेदले चार प्रकारको हुन्छ, जुन सहृदय सामाजिकहरूले अनुमाप्य अनुमापक भाव वा गम्यगमक भाव सम्बन्धद्वारा अनुभव गर्न सकिन्छ (भट्टराई, २०७७ : पृ. १०२) ।

रस अनुकार्य रामादिनिष्ठ होइन अनुकर्ता नटगत हुन्छ । नटलाई राम सम्झेर शिक्षाभ्यास चातुर्यबाट प्रदर्शित कृत्रिम विभावादिद्वारा नटमा रसको अनुमान हुन्छ । यस्तो अवस्थामा जुन रामको बोध हुन्छ उसलाई हामी न सम्यक ज्ञान भन्न सक्छौँ, न मिथ्या ज्ञान भन्न सक्छौँ, न संशय ज्ञान भन्न सक्छौँ । यी सब अनुभवबाट विलक्षण चित्रतुरग ज्ञानद्वारा अनिर्वर्चनीय ज्ञान हुन्छ । चित्राङ्कित घोडालाई देखेर जहाँ घोडाको ज्ञान हुन्छ त्यो यथार्थ ज्ञान होइन किनकि त्यहाँ वास्तविक घोडा छैन ।

ऐतिहासिक पुरुषमा हुने रसास्वादन धुवाँलाई देखेर आगोको अनुमान जस्तै नटनटीले गर्दछन् । अनुकार्यको  अनुकरण अनुकर्ता वा नटनटीले गर्दा आफूलाई अनुकार्य  ठानी आनन्द प्राप्त गर्दछन् । अनुकार्यको चेष्टा वेषभूषा, कार्यरूपको कुशलतापूर्वक अभिनय गर्दा नटनटीलाई नै यथार्थ मानी सहृदय आल्हादित हुन्छ भन्ने श्रीशङ्कुकको मान्यता पाइन्छ ।

श्रीशङ्कुकको अनुमितिवादी मान्यता महत्त्वपूर्ण मानिन्छ । यिनले दुई मौलिक अनुकरण र अनुमानको उल्लेख गरेका छन् र रसानुभूतिलाई विलक्षण मानेका छन् । यति भएर पनि श्री श्रीशङ्कुकको अनुमितिवादको आलोचना वा सीमालाई यस प्रकार उल्लेख गर्न सकिन्छ ।

**अनुमितिवादका सीमा**

भट्टलोल्लटको उत्पत्तिवादी दृष्टिकोण भन्दा केही सुधारिएको भएपनि श्रीशङ्कुकको अनुमितिवादी मान्यता पनि त्रुटिरहित भने देखिँदैन । अनुमितिवादका सीमा वा आलोचनालाई निम्नअनुसार उल्लेख गरिन्छः

**क)** श्रीशङ्कुकले अनुमितिवादमा स्थायीभावको अवस्थिति र सहृदय बिचको सम्बन्धको उल्लेख गरेको पाइँदैन । श्रीशङ्कुकका अनुसार रस नटगत आस्वाद्य विषय भएकाले सहृदयको र रसभावको सम्बन्ध उल्लेख नहुनु त्रुटिपूर्ण छ ।

**ख)** श्रीशङ्कुकले रसभावको अनुभूति अनुमानका आधारमा हुने उल्लेख गरेकाले यो पनि त्रुटिपूर्ण छ । अनुमान बुद्धिसम्मत प्रक्रिया हो भने रसानुभूति हृदयसम्मत प्रक्रिया हो । त्यसैले अनुमानका आधारमा रसानुभूति हुने कुरा त्रुटिपूर्ण देखिन्छ ।

**ग)** सहृदयले अनुमानका आधारमा अनुकार्य रामादिकै भावको अनुभव गर्ने र त्यस्तो अनुभव अलौकिक वा आनन्दपूर्ण हुने उल्लेख गरेका छन् । यो विचार पनि त्रुटिपूर्ण नै छ, किनकि अनुकार्यले शोकको अनुभव गर्दा सहृदयले पनि शोककै अनुभव गर्ने हुँदा शोकको अनुभूति वा अनुभव आनन्ददायक हुनसक्दैन ।

**घ)** श्रीशङ्कुकले रसभावको अनुभूतिलाई अनुकरण वा अभिनय कौशलमा आधारित हुन्छ भनेका छन् । अनुकर्ता नटनटीले अनुकार्यको वेषभूषा जस्ता बाह्य वस्तुको अनुकरण गर्न सम्भव छ तर भाव हृदय सम्मत वा आन्तरिक प्रक्रिया भएकाले रसभावको अनुकरण गर्न सम्भव छैन । अतः यो भनाइ पनि त्रुटिपूर्ण देखिन्छ ।

**आचार्य भट्टनायक र उनको भुक्तिवाद**

आचार्य भरतमुनिको रससूत्रका तेस्रा तथा महत्त्वपूर्ण व्याख्याता भट्टनायक हुन् । भट्टनायक पनि नवौँ शताब्दीको अन्त्य र दसौँ शताब्दीको प्रारम्भको समयका कास्मिरी आचार्य हुन् । भट्टनायकको हृदयदर्पण नामक ग्रन्थ भएको

उल्लेख गरिए पनि अप्राप्य छ । अतः परवर्ती आचार्य अभिनव गुप्त, मम्मट तथा अन्य आचार्यहरूका ग्रन्थमा उल्लेख भएका आधारमा आचार्य भट्टनायकको भुक्तिवादी मान्यताको निर्क्योल गर्ने गरिएको छ ।

रसनिष्पत्ति सम्बन्धी आफ्नो मान्यता अघि सार्नुपूर्व भट्टनायकले पूर्ववर्ती आचार्यहरू भट्टलोल्लट र श्रीशङ्कुकका दृष्टिकोणको खण्डन गर्दै आफ्नो भुक्तिवादी मान्यता अघि सारेको पाइन्छ । भट्टनायकका अनुसार रस वा भाव न त उत्पत्तिको विषय हो न त अनुमानकै विषय हो बरु यो भुक्तिको विषय हो भन्ने उल्लेख गरेकाले यिनको रसनिष्पत्ति सम्बन्धी मान्यतालाई भुक्तिवाद भनिन्छ । भट्टनायकले रससूत्रको व्याख्या गर्ने क्रममा यस प्रकारको अवधारणा प्रस्तुत गरेका छन् (श्रेष्ठ, २०५४ : पृ.८८-८९) :

> स्थायीभाव र रस अनुकार्य एवं अनुकर्तामा हुन्छ भन्नु आत्मगत अर्थात् स्थायीभाव र रसप्रेक्षक अन्तस्करणमा हुन्छ भन्ने अनुमान उत्पत्तिमा अभिव्यक्त हुँदैन । काव्य र नाटकमा अभिधा लक्षणभन्दा दोस्रो विभावादिको साधारणीकरण रूप भावकत्व व्यापारले रजोगुण र तमोगुण विलीन भई स्थायीभाव तथा सत्वको उद्रेकबाट दर्शकका लागि रसभुक्तिको अवस्थामा प्राप्त हुन्छ साथै आनन्दानुभूति पनि प्राप्त हुन्छ ।

भट्टनायकको उपर्युक्त दृष्टिकोणबाट रस उत्पत्ति र अनुमानको विषय नभई भोग अथवा भुक्तिको विषय हो भन्ने स्पष्ट हुन्छ । शाङ्ख्य दर्शनलाई आधार बनाई गरेको भट्टनायकको भुक्तिवादी मान्यता अनुसार रस वा भावको अनुभूति हृदयमा हुने कुराका लागि भावकत्व र भोजकत्व व्यापार दुई वटा नयाँ व्यापारको उल्लेख गरेका छन् । अभिधा व्यापारद्वारा विभाव, अनुभाव र व्यभिचारी भावबाट वाच्यार्थबोध, भावकत्व व्यापारद्वारा अनुकार्य वा मूल पात्र रामादिका भावनासँग दर्शक वा पाठकका आफ्नो भावना एकाकार हुँदा विभावादिको साधारणीकरण हुने र भोजकत्व व्यापारद्वारा रसको निष्पत्ति, भुक्ति वा भोग हुने भट्टनायकको मत देखिन्छ । भट्टनायकको दृष्टिकोण अनुसार साधारणीकरण भएको स्थायीभाव नै रस हो र भुक्ति भनेको रसको निष्पत्ति हो । भरतमुनिको रससूत्रमा आएका संयोग र निष्पत्तिको अर्थ क्रमशः विभावादिको स्थायीभावसँग भोज्यभोजक सम्बन्ध र भुक्ति लगाएको पाइन्छ ।

### अनुमितिवादका सीमा

भट्टनायकको भुक्तिवादी मान्यता परवर्ती आचार्यहरूका लागि मार्गदर्शक देखिन्छ । अभिनव गुप्त, मम्मट, विश्वनाथ लगायत परवर्ती आचार्यहरूमा यसको प्रभाव रहे पनि भुक्तिवादी मान्यतामा पनि कतिपय आचार्यहरूले त्रुटि रहेको उल्लेख गरेका छन् । उनीहरूको दृष्टिकोणमा भुक्तिवादमा आएका अभिधा, भोजकत्व र भावकत्व व्यापार मध्ये अभिधा शब्दको शब्दशक्तिमा उल्लेख भए पनि भावकत्व र भोजकत्व व्यापारको कतै उल्लेख नभएकोले र स्वतन्त्र अस्तित्व स्विकार्न नसकिने उल्लेख गरिएको छ ।

### आचार्य अभिनव गुप्त र उनको अभिव्यक्तिवाद

भरतमुनिको रससूत्रका चौथा तथा महत्त्वपूर्ण व्याख्याकार अभिनव गुप्त मानिन्छन् । यिनको व्याख्या सर्वश्रेष्ठ मानिएको छ । यिनी पनि कास्मिरका आचार्य हुन् । यिनका ध्वन्यालोकलोचन र अभिनव भारती ग्रन्थहरूमा रसनिष्पत्ति सम्बन्धी दृष्टिकोण प्रस्तुत भएका छन् । अभिनव गुप्तले पूर्ववर्ती आचार्यहरूका मतको सोझो खण्डन नगरी आवश्यक

संशोधन परिमार्जन गरी रसभावलाई तात्विक र प्रामाणिक रूपमा प्रस्तुत गरेका छन्, "काव्य नाट्यमा वर्णित देश, काल, प्रमाता आदिको प्रतिबन्ध नियमबाट अलग गर्ने साधारणीकरण व्यापार पुष्ट भई अनादि संस्कार बोकेका सामाजिकको वासनात्मक चित्तवृत्ति एउटै हुँदा प्रतीति चमात्कारपूर्ण हुन्छ (गुप्त, ई.१९७३ पृ.४७२-२०७४) ।"

पाठक, भावक र स्रोताका मनमा सुषुप्त अवस्थामा संस्कारका रूपमा रहेका रति आदि मनोवृत्तिहरू नै स्थायीभाव हुन् । काव्य वा नाटकमा चित्रित विभाव तथा त्यसबाट प्रकटित अनुभाव र व्यभिचारी भाव, यी तीनै भावको मिश्रणद्वारा अभिव्यक्त स्थायीभावलाई सहृदयले विशिष्ट नभई साधारणीकृत रूपबाट ग्रहण गर्दछ । उसका मनमा सुषुप्त अवस्थामा रहेका कुनै न कुनै भाव जाग्रत हुन्छन् । यसरी भावको अनुभूति साधारणीकृत रूपमा हुन थालेपछि तेरोमेरो भाव मेटिन्छ । यस अवस्थामा भावको प्रतीति आनन्दमय रूपमा हुन्छ र ब्रह्मको आस्वादन भएझैँ आनन्दमय भावको पनि रस रूपमा आस्वादन हुन्छ ।

अभिनव गुप्तले भरतमुनिको रससूत्रमा आएका संयोगको अर्थ विभावादिको स्थायीभावसँग व्यङ्ग्य व्यञ्जक सम्बन्ध र निष्पत्तिको अर्थ अभिव्यक्ति लगाएका छन् । अभिनव गुप्तले रसलाई उत्पत्तिको, अनुमितिको तथा भुक्ति (भोग)को नभई अभिव्यक्तिको विषय हो भन्ने उल्लेख गरेका छन् । त्यसैले उनको रसनिष्पत्ति सम्बन्धी मान्यतालाई अभिव्यक्तिवाद भनिन्छ । रसनिष्पत्तिका सन्दर्भमा आएका मतमतान्तर एवं विचारहरूमा अभिनव गुप्तको अभिव्यक्तिवादले बढी मान्यता पाएको देखिन्छ । उनका अनुसार विभावादि व्यञ्जक हुन् र स्थायीभाव व्यङ्ग्य हो ।

अभिव्यक्तिवादी मान्यता अनुसार स्थायीभावको अवस्थिति वा रसानुभूति मूलतः सहृदयमा हुन्छ भन्दै सहृदयको अन्तर्मनमा वासना वा संस्कारका रूपमा सुषुप्त अवस्थामा रहेका रति आदि स्थायीभावहरू काव्यकृतिमा आएका विभाव, अनुभाव र व्यभिचारी भावका कारण आफ्नो विशिष्टतालाई छोडी साधारणीकृत अवस्थामा पुगी आस्वाद्य हुन्छन् । यही आस्वाद्य अवस्थाबाट रसको अभिव्यक्ति हुन्छ । यस सन्दर्भमा अभिनव गुप्तले रसनिष्पत्तिका लागि चारवटा अवस्थाको उल्लेख गरेका छन् । साहित्यिक कृति वा रङ्गमञ्चमा उपस्थित पात्र र स्थिति (कथावस्तु) को प्रत्यक्षबोध हुनु पहिलो अवस्था हो । यसरी पात्र वा कथावस्तु विशेषबाट सामान्य हुँदै जानु दोस्रो अवस्था हो । विभावादिको विशेषत्व लोप भई सहृदयको अन्तस्करणमा अवस्थित स्थायीभाव साधारणीकृत रूपमा प्रकट हुनु तेस्रो अवस्था हो । सहृदयको स्थायीभाव साधारणीकृत भई प्रकट भएको स्थायीभावलाई रस रूपमा आस्वादन गर्नु चौथो अवस्था हो भन्ने उल्लेख गरी साधारणीकरणद्वारा आस्वादनका तहसम्म पुऱ्याई निरूपण गरिएकाले उनको यो मान्यता रसनिष्पत्ति सम्बन्धी सर्वश्रेष्ट र स्वीकार्य मानिएको छ ।

अभिनव गुप्तले भट्टनायकको भुक्तिवाद र ध्वनिसिद्धान्तका नजिक रहेर आफ्नो अभिव्यक्तिवादी मान्यतालाई स्थापित गरेको देखिन्छ । आफ्ना लक्षणग्रन्थहरूमा पूर्ववर्ती आचार्यहरू भट्टलोल्लट, श्रीशङ्कुक र भट्टनायकका मतहरूलाई समेत उल्लेख गरेर पाठकहरूका लागि व्याख्या विश्लेषण गर्न सहज बनाएको पाइन्छ । रसनिष्पत्ति सम्बन्धी विभिन्न मान्यता, मतमतान्तर र अवधारणाहरूलाई समेटी तिनको उचित मूल्याङ्कन सहित आफ्नो अभिव्यक्तिवादी सिद्धान्तको स्थापना गरेकाले उनको अभिव्यक्तिवादी मान्यतको परवर्ती प्रसिद्ध आचार्य मम्मट, विश्वनाथ, जगन्नाथ आदिले व्याख्या, विश्लेषण र समर्थन गरेका छन् । यद्यपि रसको व्यञ्जना, बोध्यता, व्यङ्ग्यता पूर्ववर्ती आचार्य, आनन्दवर्धनले नै ध्वन्यालोकमा स्थापित गरिसकेका थिए ।

## निष्कर्ष

रसनिष्पत्तिका सन्दर्भमा भट्टलोल्लट, श्रीशङ्कुक र भट्टनायकका मतान्तर र अवधारणाहरूलाई समेत समेटी आचार्य अभिनवगुप्तले उल्लेख गरेको अभिव्यक्तिवादी सिद्धान्त प्रस्तुत गरेका छन् । उनीपछाडिका आचार्यहरूले समेत अभिनवगुप्तको अभिव्यक्तिवादी मान्यताको व्याख्या, विश्लेषण तथा समर्थन गरी पाठक, भावक र स्रोताकेन्द्री मान्यताका रूपमा संयोगको अर्थ व्यङ्ग्य व्यन्जक सम्बन्ध र निष्पत्तिको अर्थ अभिव्यक्ति हो भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् । उपर्युक्त चारै वटा मान्यताको अध्ययनबाट सहृदयका अन्तरमनमा वासना वा संस्कारका रूपमा सुषुप्त अवस्थामा रहेका रति आदि स्थायीभावहरू काव्यकृतिमा आएका विभाव, अनुभाव र व्यभिचारीभावबाट परिपुष्ट अवस्थामा पुगी आफ्नो विशिष्टतालाई छोडी साधारणीकृत भई आस्वाद्य बन्न पुग्ने अवस्थामा रसाभिव्यक्ति हुन्छ । यस क्रममा साधरणीकरणको मान्यता अनुसार विशेषबाट सामान्य हुँदै जात, धर्म, लिङ्ग, वर्ग, सम्प्रदाय आदि भेदउपभेदहरू हट्ने र सहृदयको अन्तस्करणमा अवस्थित स्थायीभाव साधरणीकृत भई आस्वाद्य अवस्थामा पुगी अभिव्यक्त हुन्छ भन्ने यस अध्ययनमा निष्कर्ष निकालिएको छ ।

## सन्दर्भसामग्रीसूची

गुप्त, अभिनव (ई. १९७३), ध्वन्यालोक लोचन टीका (आनन्दवर्धन), (दोस्रो संस्क.), वाराणसी : मोतीलाल बनारसीदास ।

भट्टराई, गोविन्द प्रसाद (२०७७), पूर्वीय काव्य सिद्धान्त, (दो.सं.), काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

शास्त्री, जगदीशलाल (सम्पा.), (ई. १९७८), शुक्ल यजुर्वेद संहिता, वाराणसी : मोतीलाल वनारसीदास ।

शास्त्री, शालिकराम (ई. १९७७), विश्वनाथकृत साहित्यदर्पण (नवौं संस्क., भूमिका), दिल्ली : मोतीलाल वनारसीदास ।

शुक्लशास्त्री, बाबुलाल, (सम्पा.) (वि.सं. २०५७), नाट्शास्त्र प्रथम भाग, तृ.संस्क., वाराणसी: चौखम्बा संस्कृत अध्ययन संस्थान ।

श्रेष्ठ, ईश्वरकुमार, (२०५४), पूर्वीय एवं पाश्चात्य साहित्य समालोचना प्रमुख मान्यता वाद र प्रणाली, काठमाडौं ।

श्रेष्ठ, दयाराम र शर्मा मोहनराज (२०६९), नेपाली साहित्यको सङ्क्षिप्त इतिहास, (छैठौं संस्क.), ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०७७), साहित्यको अनुसन्धान व्यवस्थापन, काठमाडौं : शिखा बुक्स ।